# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ४ मिति २०८१/०७ /१०

भाग-२

## जानकी गाउँपालिकाको सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०७/०९

**प्रस्तावना :** जानकी गाउँपालिकाका सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोटको मापदण्ड निर्धारण गर्न तथा छनोट भएका विद्यालयहरुमा नतिजामा आधारित अनुदान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सामुदायिक विद्यालयको नतिजामा सुधार गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) र जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम जानकी गाउँपालिकाले यो कार्यविधि बनाइएको छ ।



CamScanner

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि,२०८१' रहेको छ।

(२) यो कार्यविधि जानकी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) 'गाउँपालिका' भन्नाले जानकी गाउँपालिका सम्झनु पर्दछ।

(ख) 'अध्यक्ष' भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ग) 'उपाध्यक्ष भन्नाले' जानकी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) 'शाखा' भन्नाले जानकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(च) 'शिक्षा अधिकृत' भन्नाले जानकी गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्दछ।

(छ) 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ।

(ज) 'माध्यमिक विद्यालय' भन्नाले प्रारम्भिक बालविकास देखि कक्षा दश वा बाह्र सम्मको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(झ) 'आधारभूत विद्यालय' भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा आठ सम्मको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ञ) 'माध्यमिक शिक्षा परीक्षा (SEE)' भन्नाले माध्यमिक तह कक्षा १० को अन्तमा लिईने परीक्षा सम्झनुपर्छ।

(ट) 'आधारभूत तह उत्तीर्ण परीक्षा' भन्नाले आधारभूत तह कक्षा ८ को अन्तमा लिईने परीक्षा सम्झनुपर्छ।

(ठ) 'गाउँपालिका स्तरीय परीक्षा' भन्नाले कक्षा ५ र ८ को अन्तमा लिईने परीक्षा सम्झनुपर्छ।



CamScanner

## परिच्छेद-२

## विद्यालय छनोट तथा सिफारिस प्रक्रिया

३. छनोट तथा सिफारिस प्रक्रिया: यस कार्यविधि बमोजिम नतिजामा आधारित अनुदान कार्यक्रमको लागि विद्यालय छनोट गर्न निम्न आधारहरु अवलम्बन गर्नुपर्ने छ।

(क) सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदानको लागि विद्यालय छनोट गर्न शिक्षा युवा तथा खेलकुद शाखाले चालु शैक्षिक सत्रको अन्तिम नतिजा (पुरक परीक्षा बाहेक) को आधारमा अनुसूची-१, २ र ३ मा उल्लेखित सूचक बमोजिम मूल्यांकन गर्नु पर्नेछ।

(ख) दफा ३ (क) मा जुन सुकै लेखिएको भएता पनि चालु आ.व.मा उक्त विवरण उपलब्ध हुन नसकेमा एक शैक्षिक सत्र पहिलेको शैक्षिक तथ्यांकको आधारमा मूल्यांकन गर्नुपर्नेछ।

(ग) दफा ३ (ख) बमोजिम मूल्याङ्कन गर्दा एकभन्दा बढी विद्यालयको अङ्क बराबर भई छनोट हुन नसकेमा विद्यालय स्थापनाको मितिको आधारमा पुरानो विद्यालयलाई प्राथमिकता दिई छनोट गरिनेछ।

(घ) यस कार्यविधि बमोजिम नतिजामा आधारित अनुदानको लागि विद्यालय छनोटको मुख्य आधार कक्षा ५, ८ र कक्षा १० को अन्तिम परीक्षाको नतिजा लिईनेछ।

(ङ) दफा ३ बमोजिमको प्रावधान बमोजिम विद्यालय छनोट गर्दा कुनै विद्यालयले कक्षा ५, ८ र १० को अन्तिम परीक्षामा सबै भन्दा उत्कृष्ट अङ्क प्राप्त गरेमा उक्त विद्यालयलाई दफा ६ को खण्ड (क), (ख) र (ग) बमोजिमको अनुदान उपलब्ध गराईनेछ।

## परिच्छेद ३

## अनुदानको स्रोत, अनुदान वितरण र खर्च गर्ने क्षेत्रहरु

५. अनुदानको स्रोत: सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान रकम गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ।



CamScanner

६. अनुदान वितरण: यस कार्यविधि बमोजिम नतिजामा आधारित अनुदान वितरणको लागि दफा ३ (क), (ख) र (ग) बमोजिक शिक्षा युवा तथा खेलकुद शाखाबाट सिफारिस तथा छनौट भई शिक्षा समितिबाट अनुमोदन भए पश्चात छनोट भएका सामुदायिक विद्यालयलाई तपसिल बमोजिम नतिजामा आधारित अनुदान दिइनेछ ।

(क) माध्यमिक तह कक्षा १०

प्रथम: रु. ४,००,०००।

द्वितीय रु. २,५०,०००।

तृतीय रु. १,५०,०००।

(ख) आधारभूत तह कक्षा ८

प्रथम : रु. ३,००,०००।

द्वितीय रु. २,००,०००।

(ग) आधारभूत तह कक्षा ५

प्रथम : रु. २,००,०००।

७. अनुदान रकम खर्च गर्ने क्षेत्रहरु

सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान रकम विद्यालयको पूर्वाधार निर्माणार्थ तपसिलका शिर्षक बमोजिम खर्च गर्नु पर्नेछ ।

(क) विद्यालयको शौचालय निर्माण/मर्मत,

(ख) विद्यालयको घेरापर्खाल निर्माण,

(ग) विद्यालयको गेट निर्माण,

(घ) विद्यालय रङरोगन छाना मर्मत,

(ङ) विद्यालयमा खानेपानी, विद्युत सम्बन्धी कार्य,

(च) पुस्तकालय, ल्याब व्यवस्थापन, चौतारा, बगैचा निर्माण,

(छ) खेल मैदान व्यवस्थापन लगायतका आवश्यक कार्यहरु ।

## परिच्छेद-४
## विविध

८. दफा ६ बमोजिम नतिजामा आधारित अनुदानको लागि विद्यालय छनोट भएको जानकारी सम्बन्धित विद्यालयलाई गर्नुपर्नेछ ।

९. यस कार्यविधि बमोजिम नतिजामा आधारित अनुदानको लागि छनौट भएका विद्यालयबाट कार्यक्रम कार्यान्वयनको लागि दफा ७ मा उल्लेखित शीर्षक मध्ये प्राथमिकताको आधारमा प्रस्ताव माग गर्नुपर्नेछ ।

१०. दफा ९ बमोजिम छनोट भएका विद्यालयले तोकिएको समयमा प्रस्ताव पेश नगरेमा क्रमशः प्राथमिकताको आधारमा अर्को विद्यालयमा कार्यक्रम कार्यान्वयन हुनेछ ।

११. यस कार्यविधि बमोजिम पेश भएका विद्यालयका प्रस्तावको आधारमा गाउँपालिकाले कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाउनेछ ।

१२. यस कार्यक्रममको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिका स्तरीय अनुगमन समिति तथा विद्यालय व्यवस्थापन समितिले नियमित अनुगमन तथा मूल्यांकन गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१३. यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची-१

(दफा ३ को खण्ड (क) संग सम्वन्धित)

माध्यमिक तह कक्षा १० (SEE) को नतिजा संग सम्बन्धित

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १. कक्षा १० SEE को औसत GPA | • औसत GPA १.६ भन्दा कम<br>• औसत GPA १.६ देखि २.४ भन्दा कम<br>• औसत GPA २.४ देखि २.८ भन्दा कम<br>• औसत GPA २.८ देखि माथि | ०<br>३<br>५<br>७ | कक्षा १० SEE को अभिलेख |
| २. कक्षा १० मा १.६ र सो भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी ५० सम्म<br>• ५० भन्दा बढी | ०<br>२<br>३<br>४ | कक्षा १० SEE को अभिलेख |
| ३. कक्षा १० मा २.८ भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी | ०<br>२<br>३<br>४ | कक्षा १० SEE को अभिलेख |
| ४. गत वर्षको तुलनामा औसत GPA वृद्वि | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी ०.२ सम्म<br>• ०.२ भन्दा बढी ०.४ सम्म<br>• ०.४ भन्दा बढी | ०<br>२<br>३<br>४ | कक्षा १० SEE को अभिलेख |
| ५. गत वर्षको तुलनामा औसत १.६ भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २० सम्म बढेको<br>• २० भन्दा बढीले बढेको | ०<br>१<br>२<br>३ | कक्षा १० SEE को अभिलेख |
| ६. कक्षा ९ र १० को औसत विद्यार्थी संख्या | • ४० भन्दा कम<br>• ४० देखि बढी ६० भन्दा कम<br>• ६० देखि माथि | १<br>२<br>३ | विद्यालय अभिलेख |
| जम्मा अंक | | २५ | |



CS CamScanner

अनुसूची -२

(दफा ३ को खण्ड (क) सँग सम्बन्धित )

आधारभूत तह कक्षा ८ को नतिजा संग सम्बन्धित

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १. आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षाको औसत GPA | • औसत GPA १.६ भन्दा कम<br>• औसत GPA १.६ देखि २.४ भन्दा कम<br>• औसत GPA २.४ देखि २.८ भन्दा कम<br>• औसत GPA २.८ देखि माथि | ०<br>३<br>५<br>७ | गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा |
| २. आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षमा १.६ र सो भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी ५० सम्म<br>• ५० भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा |
| ३. आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षमा २.८ भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा |
| ४. गत वर्षको तुलनामा औसतGPA वृद्धि | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी ०.२ सम्म<br>• ०.२ भन्दा बढी ०.४ सम्म<br>• ०.४ भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा |
| ५. गत वर्षको तुलनामा औसत१.६ भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २० सम्म बढेको<br>• २० भन्दा बढीले बढेको | ०<br>१<br>२<br>३ | गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को नतिजा |
| ६. कक्षा ६-८ को औसत विद्यार्थी संख्या | • ४० भन्दा कम<br>• ४० देखि बढी ६० भन्दा कम<br>• ६० देखि माथि | १<br>२<br>३ | विद्यालय अभिलेख |
| जम्मा अंक | | २५ | |



CS CamScanner

अनुसूची -३

(दफा ३ को खण्ड (क) सँग सम्बन्धित )

<u>आधारभूत तह कक्षा ५ को नतिजा संग सम्बन्धित</u>

| सूचक | मापनको आधार | अङ्क | स्रोत |
|---|---|---|---|
| १. कक्षा ५ को गाउँपालिका स्तरीय परीक्षाको औसत GPA | • औसत GPA १.६ भन्दा कम<br>• औसत GPA १.६ देखि २.४ भन्दा कम<br>• औसत GPA २.४ देखि २.८ भन्दा कम<br>• औसत GPA २.८ देखि माथि | ०<br>३<br>५<br>७ | गाउँपालिका स्तरीय परीक्षा उत्तीर्ण कक्षा ५ को नतिजा |
| २. कक्षा ५ मा १.६ र सो भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी ५० सम्म<br>• ५० भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय परीक्षा उत्तीर्ण कक्षा ५ को नतिजा |
| ३. कक्षा ५ मा २.८ भन्दा बढी GPA ल्याउने विद्यार्थी प्रतिशत | • ०<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २५ सम्म<br>• २५ भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय परीक्षा उत्तीर्ण कक्षा ५ को नतिजा |
| ४. गत वर्षको तुलनामा औसतGPA वृद्धि | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी ०.२ सम्म<br>• ०.२ भन्दा बढी ०.४ सम्म<br>• ०.४ भन्दा बढी | ०<br>२<br>३<br>४ | गाउँपालिका स्तरीय परीक्षा उत्तीर्ण कक्षा ५ को नतिजा |
| ५. गत वर्षको तुलनामा औसत१.६ भन्दा बढी GPA ल्याउन विद्यार्थी प्रतिशत | • नबढेको वा नघटेको<br>• ० भन्दा बढी १० सम्म<br>• १० भन्दा बढी २० सम्म बढेको<br>• २० भन्दा बढीले बढेको | ०<br>१<br>२<br>३ | गाउँपालिका स्तरीय परीक्षा उत्तीर्ण कक्षा ५ को नतिजा |
| ६. कक्षा १-५ को औषत विद्यार्थी संख्या | • ४० भन्दा कम<br>• ४० देखि बढी ६० भन्दा कम<br>• ६० देखि माथि | १<br>२<br>३ | विद्यालय अभिलेख |
| जम्मा अंक | | २५ | |

आज्ञाले,

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत



CamScanner